नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Kuala Lumpur, Malaysia

# प्रेस विज्ञप्ती

वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित तथा मर्यादित बनाउनका लागि गन्तव्य मुलुकको नेपाली कुटनितिक नियोगबाट सम्वन्धित देशको कुनै कम्पनीमा नेपाली कामदार ल्याउन मागपत्र प्रमाणिकरण गर्नुपर्ने र वैदेशिक रोजगार ऐन तथा नियमावली बमोजिम नेपाली कुटनितिक नियोगबाट प्रमाणित मागपत्र र सम्वन्धित देशको कम्पनीले प्रदान गरेको अख्तियारीका आधारमा वैदेशिक रोजगार विभागबाट पूर्व स्वीकृति लिनुपर्ने हुन्छ।

पूर्वस्वीकृति लिइसकेपश्चात राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गर्ने, कामदारबाट निवेदन लिने, अन्तर्वार्ता लिने लगायतका छनौट प्रक्रिया पूरा गरी अन्तिम नामावली प्रकाशन गर्नुपर्ने हुन्छ। त्यसपश्चात मात्र कामदारको भिषा प्रकृया शुरु हुन्छ। छनौट भएका कामदारको मेडिकल चेकजाँच, विमा, कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरीसकेपछि श्रम स्वीकृति जारी हुन्छ र यी सबै प्रकृया पूरा गरिसकेपश्चात मात्र वैदेशिक रोजगारीमा जान पाइन्छ।

पछिल्लो समय विभिन्न सञ्चार माध्यममा मलेसियामा रहेका केही सेक्यूरिटी कम्पनीबाट नेपालका केही मेनपावर व्यवसायीहरुमार्फत अवैधानिक रुपमा नेपाली कामदार ल्याउनका लागि माथि उल्लेखित प्रक्रिया पूरा नगरी कलिङ्ग भिषा निकालिसकेको भन्ने समाचार प्रति नेपाली राजदूतावास मलेसियाको ध्यानकर्षण भएको छ।

नेपाली राजदूतावासबाट मागपत्र प्रमाणिकरण नभइकन अवैधानिक मार्गबाट नेपाली श्रमिकहरुलाई मलेसियामा पठाउनका लागि यहाँ रहेका कुनै पनि कम्पनीहरुको प्रलोभनमा नपर्न नेपालका मेनपावर व्यवसायीहरुलाई सचेत गराइन्छ। साथै वैदेशिक रोजगारीमा मलेसियमा आउन चाहने नेपाली श्रमिकहरुलाई समेत आधिकारिक रुपमा राजदूतावासबाट उक्त कम्पनीको मागपत्र प्रमाणिकरण भए/नभएको तथा मेनपावर कम्पनीबाट वैदेशिक रोजगारीमा पठाउनु पूर्व पूरा गर्नुपर्ने सम्पूर्ण भर्ना प्रक्रिया पूरा गरे/नगरेको विषयमा जानकारी राख्नुहुन र कोही कसैको प्रलोभनमा नपर्नुहुन समेत सचेत गराइन्छ।

नेपाली राजदूतावास
क्वालालम्पुर
मिति: २०८२/०४/०५

नेपाली राजदूतावास
क्वालालम्पुर

Wisma Paradise, No. 63, Jalan Ampang, 50450 Kuala Lumpur.
Tel: 03-2388 1935, 03-5887 7846, 03-5887 3945
E-mail: eonkualalumpur@mofa.gov.np, Website: my.nepalembassy.gov.np